प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली

# आर्थिक वर्ष २०७९/८० का लागि स्थानीय तहबाट समपूरक अनुदानतर्फका आयोजना/कार्यक्रम प्रस्ताव आव्हान गरिएको सूचना

(प्रकाशित मितिः २०७८/९/८)

प्रदेश समपूरक अनुदान सम्बन्धी (दोश्रो संशोधन) कार्यविधि, २०७६ मा व्यवस्था भए बमोजिम स्थानीय तहबाट आर्थिक वर्ष २०७९/८० मा कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुको लागि समपूरक अनुदान माग गर्न आयोजना/कार्यक्रम प्रस्ताव सहितका विवरणहरु तयार गरी सम्बत् २०७८ साल पौष मसान्तभित्र आर्थिक मामिला मन्त्रालयमा प्रस्तावहरुको सक्कल प्रति पठाउनुहुन सबै स्थानीय तहहरुको जानकारीका लागि प्रदेश समपूरक अनुदान सम्बन्धी (दोश्रो संशोधन) कार्यविधि, २०७६ को दफा ४ को उपदफा (२) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

## समपूरक अनुदान माग गर्दा ध्यान दिनुपर्ने विषयहरु:

१. स्थानीय तहले अनुदान माग गर्दा अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रम र हाल सञ्चालनमा रहेका आयोजना वा कार्यक्रमसँग दोहोरो नपर्ने गरी सम्बत् २०७८ पौष मसान्तभित्र कार्यविधिको अनुसूची-१ बमोजिमको ढाँचामा मन्त्रालयसमक्ष प्रस्ताव पेश गर्नु पर्नेछ।

२. कार्यविधिको दफा ३ बमोजिमको क्षेत्र र सीमामा रही प्रदेश सरकारबाट योजना तथा कार्यक्रम प्रदान गरिने भएकोले सोही बमोजिम प्रस्ताव पेश गर्नु पर्नेछ ।

३. आयोजना/कार्यक्रम प्रस्ताव पेश गर्दा कार्यविधिको दफा ४ को उपदफा (३) बमोजिमका विषयहरु स्पष्ट रुपमा खुलाई पठाउनु पर्नेछ ।

४. कार्यविधिको दफा ७ बमोजिमको योजना वा कार्यक्रमका लागि समपूरक अनुदान प्रदान गरिने छैन ।

५. स्थानीय तहबाट आयोजना/कार्यक्रम प्रस्ताव पेश गर्दा सम्बन्धित पालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको (पत्र सहित) कर्मचारी स्वयं मन्त्रालयमा उपस्थित भई सम्पूर्ण कागजात तथा विवरण एकैपटक पेश गर्नु पर्नेछ । अन्य कर्मचारी तथा पदाधिकारीबाट पेश हुन आएका प्रस्ताव मन्त्रालयले दर्ता गर्ने छैन ।

६. आयोजना/कार्यक्रम प्रस्ताव एक पटक पेश भइसके पश्चात् पनि पालिकाबाट पुनः कागजात सच्याएर ल्याउने, नयाँ कार्यक्रम प्रस्ताव ल्याउने, अन्य कर्मचारी र पदाधिकारीबाट बारम्बार पत्र तथा प्रस्तावहरु आएमा त्यस्ता कार्यहरुलाई मन्त्रालयबाट विचार नगरिने भएको हुँदा बुँदा नं. ५ बमोजिम मात्रै गराउनुहुन।

७. अन्य व्यवस्थाहरु प्रदेश समपूरक अनुदान सम्बन्धी (दोश्रो संशोधन) कार्यविधि, २०७६ बमजिम नै हुनेछन् ।

८. तोकिएको मिति तथा समय भन्दा पछि पेश हुन आउने आयोजना/कार्यक्रम प्रस्तावहरु दर्ता गरिने छैन।

९. स्थानीय तहले आयोजना/कार्यक्रम प्रस्ताव गर्दा आयोजना/कार्यक्रम सम्बन्धी शर्त तथा अन्य कागजात र विवरणको जानकारीको लागि प्रदेश समपूरक अनुदान सम्बन्धी (दोश्रो संशोधन) कार्यविधि, २०७६ यस मन्त्रालयको वेवसाइट moeap.sudurpashchim.gov.np मा राखिएको छ।

१०. थप जानकारीका लागि यस मन्त्रालयको फोन नं. ०९१-५२०१०७ मा सम्पर्क गर्न सकिनेछ।

Scanned with CamScanner